# गाउँपालिका महोत्सव तथा अध्यक्ष रनिङ शिल्ड भलिबल प्रतियोगितामा हार्दिक आमन्त्रण गर्दछौ ।

थुलुङ दुधकोशी गाउँपालिकाले खेलकुदको माध्यमबाट समाजमा आपसी सद्भाव र सहिष्णुता कायम राख्दै युवाहरुमा रहेको खेल प्रतिभा लाई उजागर गर्दै स्थानिय तह, जिल्ला, प्रदेश र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलाडी उत्पादनमा विशेष टेवा पुगोस भन्ने उद्धेश्यका साथ यहि मिति २०७६ मसिर ५, ६, ७ र ८ गतेका दिन ऐतिहासिक रुपमा "गाउँपालिका महोत्सव तथा अध्यक्ष रनिङ शिल्ड भलिबल प्रतियोगिता- २०७६" को आयोजना गरीएको हुँदा तपशिल अनुसारका खेलकुद तथा प्रतियोगितात्मक कार्यक्रमहरुमा सहभागिताका लागि थुलुङ दुधकोशी गाउँपालिका हार्दिक आमन्त्रण गर्दछ ।

## खेलहरु

### १. अध्यक्ष रनिङ शिल्ड महिला तथा पुरुष भलिवल प्रतियोगिता – २०७६

**खेलका नियमहरु:**

- ✓ भलिवल खेल जिल्लास्तरिय अन्तर वडा प्रतियोगिताको रुपमा खेलाईने छ ।
- ✓ खेल अन्तराष्ट्रिय नियमानुसार खेलाईने छ ।
- ✓ १ टिममा १ जना टिम व्यवस्थापक सहित १० जना हुनुपर्नेछ ।
- ✓ खेलाडीहरु संघिय संरचनागत एउटै वडा भित्रका मात्र हुनुपर्नेछ र उक्त कुरा खुल्ने आधिकारिक प्रमाण पत्रका साथ नाम दर्ता गर्नुपर्नेछ ।
- ✓ खेलाडी टिमलाई वडाको झण्डा र पोशाक अनिवार्य गरीएको छ ।
- ✓ टिम सहभागिता ५ टिम सम्म मात्र भए लिग, ८ टिमसम्म भएलिगकमनक आउट र सोभन्दामाथीभएमानकआउटको आधारमा खेलाईने छ ।
- ✓ सेमिफाईनल र फाईनल खेल बाहेक सम्पुर्ण खेलहरु वेस्ट अफ श्री मा खेलाईने छ ।
- ✓ खेलका क्रममा कुनै विवाद भएमा निर्णायक मण्डल र आयोजकको निर्णय नै अन्तिम हुनेछ ।
- ✓ खेलका क्रममा कुनै खेलाडी घाईते भएमा आयोजक जवाफदेही हुने छैन ।
- ✓ टिम दर्ता २०७६ मसिर ४ गते बेलुकी ५ बजेभित्र गरिसक्नुपर्नेछ ।
- ✓ टिम दर्ता शुल्क महिला पुरुष दुबै तर्फ रु ३०००/- मात्र लाग्नेछ ।
- ✓ खाना बस्नको व्यवस्था टिम आफैले गर्नुपर्नेछ ।

**पुरस्कारहरु:**

- ✓ प्रथम हुने टिमलाई नगद रु १००,०००/- (२५% कर सहित) का साथमा शिल्ड, टफी मेडल र प्रमाण पत्र प्रदान गरिनेछ ।

- ✓ द्धितिय र तृतिय हुने टिमलाई क्रमश: नगद रु ७५०००/- , रु ५००००/- (२५% कर सहित) का साथमा ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिनेछ ।
- ✓ सान्त्वना हुने टिमलाई नगद रु २००००/- (२५% कर सहित ) र प्रमाण पत्र प्रदान गरिनेछ ।
- ✓ उत्कृष्ट १ महिला र १ पुरुष खेलाडिलाई आकर्षक ट्रफिका साथमा नगद पुरस्कारको व्यवस्था गरीएको छ ।

## २. महिला पुरुष हाफ म्याराथुन

**नियमहरु:**

- ✓ हाफ म्याराथुन प्रतियोगिता जिल्लास्तरिय खुल्ला प्रतियोगिताको रुपमा खेलाईने छ ।
- ✓ हाफ म्याराथुन प्रतियोगितामा कुनै विभागीय खेलाडीहरुले भाग लिन पाउने छैनन् ।
- ✓ दौडको क्रममा कुनै धावक घाईते भएमा आयोजक जवाफदेही हुने छैन ।
- ✓ सहभागीहरुलाइ टिसर्ट आयोजकले प्रदान गर्नेछ ।
- ✓ खाना बस्नको व्यवस्था खेलाडी आफैले गर्नु पर्नेछ ।
- ✓ नाम दर्ता २०७६ साल मसिर ४ गते बेलुकी ५ बजेभित्र गराईसक्नुपर्नेछ ।
- ✓ नाम दर्ता शुल्क महिलापुरुषदुबैतर्फरु ३००/- मात्र लाग्नेछ ।

**पुरस्कारहरु:**

- ✓ प्रथम, द्धितिय र तृतिय हुने खेलाडीलाई क्रमश: रु १००००/-, रु ७०००/- र रु ५०००/- (२५% कर सहित ) का साथमा मेडल र प्रमाणपत्र प्रदानगरिनेछ ।

## ३. नृत्य प्रतियोगिताका

**नियमहरु:**

- ✓ नृत्य प्रतियोगिता खुल्ला प्रतियोगिताको रुपमा संचालन गरिनेछ ।
- ✓ नृत्य गर्ने गीत प्रतियोगी आफैले पेनड्राईभ मा ल्याउनुपर्नेछ ।
- ✓ गीत सुहाउँदो पोशाक लगाउनुपर्नेछ ।
- ✓ गित नेपाली भाषाको हुनुपर्नेछ ।
- ✓ नाम दर्ता २०७६ मसिर ४ गते बेलुकी ५ बजेभित्र गराईसक्नुपर्नेछ ।
- ✓ नाम दर्ता शुल्क एकल तर्फ रु ३००/- र समुह तर्फ रु १०००/- मात्र लाग्नेछ ।
- ✓ समुह नृत्यमा ४ जना सम्मको समूह हुनुपर्नेछ ।
- ✓ खाना र बस्नको व्यवस्था प्रतियोगी आफैले गर्नुपर्नेछ ।

**पुरस्कारहरु**:

- ✓ प्रथम, द्धितिय र तृतिय हुने प्रतियोगिहरुलाई एकल नृत्यतर्फ क्रमश: नगद रु ५०००/-, रु ३०००/- र रु २०००/-(२५% कर सहित ) का साथमा मेडल र प्रमाण पत्र प्रदान

गरिनेछ भने समुह नृत्यतर्फ नगद रु १६०००/-, रु १२०००/- र रु ८०००/-(२५% कर सहित )का साथमा मेडल र प्रमाण पत्र प्रदान गरिनेछ।

## ४. एकल ट्र्याक गायन प्रतियोगिताका

**नियमहरु:**

- ✓ एकल ट्र्याक गायन प्रतियोगिता खुल्ला प्रतियोगिताको रुपमा संचालन गरिनेछ ।
- ✓ आफुले गाउने गितको ट्र्याक प्रतियोगी आफैले पेनड्राईभमा ल्याउनुपर्नेछ ।
- ✓ गीत सुहाउँदो पोशाक लगाउनुपर्नेछ ।
- ✓ गीत नेपाली भाषाको हुनुपर्नेछ ।
- ✓ नाम दर्ता २०७६ मसिर ४ गते बेलुकी ५ बजेभित्र गराईसक्नुपर्नेछ ।
- ✓ नाम दर्ता शुल्क रु ३००/- मात्र लाग्नेछ ।
- ✓ खाना र बस्नको व्यवस्था प्रतियोगी आफैले गर्नुपर्नेछ ।

**पुरस्कारहरु:**

- ✓ प्रथम, द्धितिय र तृतिय हुने खेलाडीलाई क्रमश: नगद रु ५०००/-, रु ३०००/- र रु २०००/- (२५% कर सहित ) का साथमा मेडल र प्रमाण पत्र प्रदान गरिनेछ ।

साथमा वरिष्ठ गायक शम्भु राई, मेलिना राई, फुलन्देकी आमा लगायत राष्टीय कलाकार तथा स्थानीय कलाकारहरुको साँस्कतिक कार्यत्रम, बृहत कृषी मेला प्रदर्शनी तथा स्थानीय खानाहरुको प्रदर्शनी (Local food festival) समेत हुनेछ ।

**आयोजक: थुलुङ दुधकोशी गाउँपालिका, मुक्ली, सोलुखुम्बु ।**

**सम्पर्कका लागी:**

- ➢ ७ न. वडा अध्यक्ष तथा खेल संयोजक: श्री रामसंघर्ष किराँती
  मोवाईल नं. ९७४३०२२१६०
- ➢ सामाजिक विकास समिति संयोजक : श्री बुद्धिराज राई
  मोवाईल नं. ९८१८६३५७२०